नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।


पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

प्रेस विज्ञप्ती

जिल्ला प्रशासन कार्यालय, बाँकेको च.नं. ९३, मिति २०७६/०५/१४ गतेको जाहेरी अनुसार नेपालगंज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको पत्रमा नेपालगंज काञ्जी हाउसमा रहेका ३७० वटा गाई गोरु बाच्छा बाँच्छीहरु नगर प्रहरीको कमाण्डमा सम्बन्धित स्थानीय निकायको समन्वयमा सुर्खेत हुँदै दैलेखको श्रीस्थान लैजाने उल्लेख भएको र सोही क्रममा मिति २०७६।५।१२ गते राती जिल्ला सुर्खेत बिरेन्द्रनगर नगरपालीका-१४ कटकुवा स्थित दैलेख सुर्खेत सड्क खण्डको जंगलमा र ऐ. १३ गते जिल्ला सुर्खेत बिरेन्द्रनगर नगरपालिका-११ रत्न राजमार्गस्थित सडक देखी अं. १५/२० मिटर तल ब्युरेनी खोलामा २४ गाईगोरु (गाई १८ र गोरु ६) मृत फेला परेको घटनाप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

घटनाको जानकारी पश्चात प्रहरी टोली, स्थानीय वडाका वडाध्यक्ष, पशु चिकित्सकहरु सहितको टोली घटनास्थलमा गई मुचुल्का सम्पन्न गरी मृतक गाईगोरुहरुको पोष्टमार्टम पश्चात शव व्यवस्थापनको लागि बिरेन्द्रनगर नगरपालिकाको जिम्मा दिईएको ।

घटनास्थलमा गाईगोरु छाडी फर्किदै गरेका ५ वटा ट्रक र ट्रक चालक ५ जनालाई मातहत प्रहरी ईकाईहरुबाट नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा राखिएको छ। नियन्त्रणमा लिइएका चालकहरुसंग प्रहरीले सोधपुछ गर्दा उक्त गाईगोरुहरू नेपालगंज उप–महानगरपालीका वडा नं २१ स्थित बेतनी र फुलटेक्रा बिचमा रहेको कान्जी हाउँसबाट बिभिन्न ट्रकमा ल्याई बाटोमा फालेको भन्ने बुझिन आएको छ । यसरी बिरेन्द्रनगर नगरपालीका वडा न. १४ कटकुवा स्थित दैलेख सुर्खेत सडक खण्डको जंगलमा कान्जी हाउँसबाट बिभिन्न ट्रकमा ल्याई यत्रतत्र छोडी छरिएका १०५ गाई, १५ गोरु, २१ बाच्छा र ३ बाच्छी गरी जम्मा १४४ गाईगोरुहरुलाई मिति २०७६।५।१४ गते बिहान १०:०० बजे नेपालगंज उप–महानगरपालीकाको समन्वयमा जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट नेपालगंजतर्फ लगिएको छ।

जिल्ला प्रहरी कार्यालय, सुर्खेतबाट स्थानीयस्तरबाट नियन्त्रणमा लिएका ट्रक चालकहरुसँग सोधपुछ एवं अन्य अनुसन्धान जारी नै छ । प्रस्तुत घटनाको अनुसन्धानमा थप सहयोग पुऱ्याउन, गाईहरुको ओसारपसार, अस्वभाविक मृत्यु तथा घाइते भएको सम्बन्धमा सत्य तथ्य बुझि के कुन व्यक्ति, पदाधिकारी एवम् निकायको के कस्तो संलग्नता रहेको र दोषीलाई प्रचलित कानून बमोजिम कारवाहीको सिफारिश गर्ने कार्यदिश सहित कार्य प्रारम्भ भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रतिवेदन पेश गर्ने गरी गृह मन्त्रालयका उप-सचिव सागरमणि पाठकको संयोजकत्वमा सुरक्षा निकायको समेत प्रतिनिधित्व रहने गरी ४ (चार) सदस्यीय छानविन समिति गृह मन्त्रालयले गठन गरिसकेकोले सम्वद्ध पक्षबाट छानवीन टोलीलाई सहयोगको अपेक्षा गरिएको छ । गौहत्या जस्तो गम्भीर अपराधमा संलग्न व्यक्तिहरुलाई कानून बमोजिम हदैसम्मको कारवाही गरिने र कुनै पनि किसिमको उन्मुक्ति नदिइने कुरामा समेत गृह मन्त्रालय प्रतिबद्ध रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

मितिः २०७६/०५/१४ गते

रामकृष्ण सुवेदी
सहसचिव/प्रवक्ता